नगर कार्यपालिकाको बैठक संख्या : १२२

बैठक मिति :- २०७९।०५।२२

अध्यक्षता :- नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं.१**

नगर दररेट निर्धारण समिति इटहरीले चालु आ.व.२०७९।८० को लागि स्वीकृत गरी पेश हुन आएको कामदारको ज्याला, निर्माण सामाग्री ढुवानी मेशिन तथा उपकरणको भाडा सम्बन्धी दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा छलफल गर्दा यस विषयमा थप छलफल गर्नु पर्ने आवश्यक देखिएको हुँदा आगामी कार्यपालिका बैठकमा पेश गर्ने गरी आजको बैठकको कार्यसूचिबाट फिर्ता लिने निर्णय गरियो ।

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिकामा संचालित सुरक्षित आप्रवासन (SAMI) परियोजनालाई व्यवस्थीत रुपमा सञ्चालन गर्नका निम्ती सुरक्षित आप्रवासन सम्बन्धि कार्यविधि, २०७९ र गैर सरकारी संस्था निर्देशिका, २०७९स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिकाको योजना सञ्चालन तथा नगर कार्यपालिकाको कार्यालय एवं अन्तर्गतको वडा कार्यालयमा अमिन प्राविधिकको अभाव देखिएकोले १० (दश) जना अमिन प्राविधिक (सहायकस्तर चौथो तह) को पदमा करार ऐन अनुसार करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकाको नगर सभाको स्वीकृत बजेट अनुसारको योजना आयोजनाहरु मध्ये १० (दश) लाखसम्मका योजनाहरु लगत स्टिमेट स्वीकृत गर्ने कार्य सम्पन्न मुल्यांकन गरी भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस पठाउने गरी योजना सम्झौता गर्ने अधिकार सम्बन्धित वडा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिका क्षेत्रमा उपभोक्ता समितिद्वारा सञ्चालन गर्ने योजनाहरुको लागत सहभागीता सम्बन्धमा आएका समस्याको समाधानका लागि इटहरी उपमहानगरपालिकाको योजना सञ्चालन सम्बन्धि कार्यविधि, २०७५सम्बन्धि परिमार्जनका लागि विपन्न, दलित, सुकुम्बासी परिवार, वस्ती, समुदाय, मठमन्दिर, संघसंस्था, विधालय, खोला पैनी, सार्वजनिक स्थल जस्ता क्षेत्रको लागत सहभागिता सम्बन्धमा सुझाव पेश गर्न देहाय बमोजिम समिति गठन गर्ने र सो समितिलाई ७ (सात) दिनको समय दिने निर्णय गरियो ।

**देहाय:**

(१) संयोजक - श्री मान बहादुर विश्वकर्मा (भौतिक पूर्वाधार समिति संयोजक)

(२) सदस्य - श्री मणिराम श्रेष्ठ (२० नं. वडाअध्यक्ष)

(३) सदस्य - श्री भुवनराज पोखरेल (१२ नं. वडाअध्यक्ष)

(४) सदस्य - श्री अरुण राजलवट (ईन्जिनियर)

(५) सदस्य सचिव - श्री माया राई (योजना शाखा प्रमुख)

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिकाभित्र सञ्चालित योजनाको उपभोक्ताहरु तर्फबाट लागत सहभागीता गर्नुपर्ने लागत सहभागितामा योगदान नगर्नु हुने उपभोक्ता वा सेवाग्राहीहरुको सेवालाई रोक्ने सम्बन्धित वडा कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको सेवालाई प्रभावकारी बनाउनका लागि इटहरी उपमहानगरपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत विच आ.व. २०७९।८० कार्य सम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिका क्षेत्रमा रहेका विभिन्न जातजातिहरुको धर्म परम्परा संस्कृति अनुसारका ग्रामथानहरु सूचिकृत गर्न वडा कार्यालयहरुलाई चालु आ.व. २०७९।८० भित्र यस कार्यालयमा उपलब्ध गराई ग्रामथानहरुको सूचिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिका वडा नं.९ मा रहेको इटहरी वसपार्कको नगर विकास कोष (TDF) सँग ऋण सहायतामा स्तरउन्नति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

इटहरी उपमहानगरपालिकाको नगर प्रहरी सञ्चालन र व्यवस्थापनका लागि नगर प्रहरी ऐनको मस्यौदा पेश गर्नका निम्ती कानून मस्यौदा समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने योजनाहरुमा प्रयोग हुने निर्माण सामाग्री गुणस्तरीय परिक्षणका लागि प्राविधिक प्रयोगशाला, खाद्यवस्तुको गुणस्तरको जाचका लागि खाद्य प्रयोगाला सम्वन्धि कार्यविधि निर्माण गर्ने निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

इटहरी उपमहानगरपालिकाको आ.व. २०७८।७९ को वार्षिक समिक्षा कार्यालयले उपयुक्त समय निर्धारण गरि आयोजना गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. १४**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रका विद्यालय, क्याम्पस, स्वास्थ्य संस्था, वसपार्क जस्ता सार्वजनिक स्थानमा मदिरा तथा सूर्तिजन्य पदार्थहरु बिक्रि वितरण गर्न रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

इटहरी उपमहानगरपालिका वडा नं. १२ स्थित रहेको वडा कार्यालय रहेको भवन भएका सटर भाडा यस अगावै भएको सम्झौता वमोजिमको रकम असुल उपर गरी नयाँ सम्झौताका लागि खुल्ला बोलपत्र आव्हान गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

इटहरी उपमहानगरपालिकाद्वारा जारी भएको सहकारी ऐन २०७५ को दफा ३ को उपदफा (१) बमोजिम देहाय वमोजिमको नगर सहकारी समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक - श्री हेम कर्ण पौडेल (नगर प्रमुख)
(२) सह संयोजक - श्री संगिता कुमारी चौधरी (नगर उपप्रमुख)
(३) सदस्य - श्री राम चरित्र मेहता (प्रमुख प्रशासकीय अधिकृत)
(४) सदस्य - श्री रतन कार्की (१ नं. वडाध्यक्ष)
(५) सदस्य - श्री गंगा दाहाल (सहकारी संस्था)
(६) सदस्य - श्री भोला वस्नेत (सहकारी संस्था)
(७) सदस्य - श्री विमला श्रेष्ठ (सहकारी संस्था)
(८) सदस्य सचिव - श्री वालकुमार पोखरेल (सहाकारी शाखा प्रमुख)

**निर्णय नं. १७**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा विभिन्न वडाका रोग लागि उपचार गराउनु भएका उपचार गराइ रहेका र विभिन्न प्राकृतिक प्रकोप आगलागी तथा दुर्घटनामा पर्नु भएका देहाय वमोजिमका व्यक्तिहरुलाई देहाय वमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

(१) नगेन्द्र नेपाल, इटहरी - २ रु ३०,०००/- (उपचार)
(२) अनिता भुजेज, इटहरी - ५ रु ४०,०००/- (आगलागी)
(३) वालकृष्ण गौतम, रु ५०,०००/- (उपचार)
(४) विनोद रिजाल, इटहरी - १ रु २५,०००/- (उपचार)
(५) सुरज महतो, इटहरी - ६ रु ५०,०००/- (उपचार)
(६) निर्मल ढुंगेल, रु १,००,०००/- (उपचार)

**निर्णय नं. १८**

भूमिहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलन कार्यविधि अनुसार वडाभित्रका क्षेत्रहरुलाई ३ (तीन) तहमा क्षेत्र निर्धारण गरी वडा कार्यालय मार्फत माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत समय सिमाभित्र वेरोजगारहरु सूचिको वडा कार्यालय मार्फत आवेदन पेश गरेका वेरोजगार व्यक्तिहरुको सूचिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र मेट्रीक ठेगाना प्रणाली लागु गर्ने साथै मेट्रीक ठेगाना प्रणाली निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो साथै उक्त निर्देशिका वमोजिम देहाय वमोजिमका मेट्रिक ठेगाना प्रणाली निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

(१) संयोजक - श्री हेमकर्ण पौडेल (नगर प्रमुख)
(२) सदस्य - श्री संगीता कुमारी चौधरी (नगर उपप्रमुख)
(३) सदस्य - श्री मन वहादुर विश्वकर्मा (पूर्वाधार विकास समिति, संयोजक)
(४) सदस्य - श्री प्रमोद शेर्पा (सामाजिक विकास समिति, संयोजक)
(५) सदस्य - श्री श्रीनारायण चौधरी (वन वातावरण तथा विपद व्यवस्थापन समिति, संयोजक)
(६) सदस्य - श्री दिपा राई (आर्थिक विकास समिति, संयोजक)
(७) सदस्य - श्री भिमादेवी राई (संस्थागत विकास सेवा प्रशासन तथा सुशासन समिति, संयोजक)
(८) सदस्य - श्री राम चरित्र मेहता (प्रमुख प्रशासकीय अधिकृत)
(९) सदस्य - श्री मणिराम श्रेष्ठ (२० नं. वडाध्यक्ष)
(१०) सदस्य - श्री जितेन्द्र थापा (८ नं. वडाध्यक्ष)
(११) सदस्य - श्री तेज नारायण चौधरी (१६ नं.वडाध्यक्ष)
(१२) सदस्य - श्री अर्जुन कुमार दाहाल (भौतिक विज्ञ)
(१३) सदस्य सचिव - श्री जीवन घिमिरे (ईन्जिनियर)

**निर्णय नं. २१**

इटहरी उपमहानगरपालिका अन्तर्गत रहेका सवै वडा कार्यालयहरुमा एक एकजना कार्यालय सहयोगीस्तरको २० जना विद्युत प्राविधिक दैनिक डोर हाजिरमा कामकाज लगाउने निर्णय गरियो साथै एक जना सहायकस्तरको पाचौ तहको विद्युत प्राविधिक करारामा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

नेपाल सरकार गृह मन्त्रालयद्वारा नेपाली नागरिकहरुको राष्ट्रिय परिचयपत्र निर्माणका लागि वडामा खटि आएका कर्मचारीहरुको लागि भएको खर्च वडा कार्यालयको सिफारिस अनुसार प्राप्त विल भपांइ अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस उपमहानगरपालिका परिसरभित्र आउने सेवाग्राही, कर्मचारी, जनप्रतिनिधिहरुको लागि उपमहानगरपालिका परिसरभित्र चमेना गृह निर्माण गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. २४**

वि.सं. २०७४ सालभन्दा अगाडि निर्माण भएका घरहरुको हालसम्म अभिलेखिकरण नभएका घरहरु कानुन बमोजिम जरिवना लिई अभिलेखिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

इटहरी-१२ स्थित रहेको भारती कलेज नजिकको सार्वजनिक जग्गाको सम्बन्धमा स्थलगत नापजाँच गरी प्रतिवेदन पेश गर्न प्राविधिक टोली खटाउने निर्णय गरियो ।

**निर्णय नं. २६**

नगर कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको अन्तिम हप्ताको शुक्रवार दिनको १:०० बजे बैठक बस्ने निर्णय गरिया ।